रुन्टीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

होलेरी, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या ०८०/०८१ मिति:२०८०।१२।२५

च.नं.

## निजी जग्गामा वृक्षारोपण/कृषि वन स्थापनाका लागि अनुदान दिइने सम्बन्धि सूचना

समृद्धिका लागि वन परियोजना अन्तर्गत रुन्टीगढी गाउँपालिका आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निजी जग्गामा लैङ्गिक सुविधा (महिला,दलित तथा विपन्न वर्गलाई प्राथमिकता ) सहितको वृक्षारोपण /कृषि वन स्थापनाको लागि अनुदान कार्यक्रम अन्तर्गत निजी जग्गामा वृक्षारोपण/कृषि वन स्थापना गर्न इच्छुक लक्षित समुहका नागरिकहरुलाई आफुले चाहेका वनजन्य प्रजातिका कम्तिमा १०० विरुवा वृक्षारोपण गर्न ५०% अनुदान उपलब्ध गराउने भएको हुँदा इच्छुक व्यक्ति /कृषि सहकारी /कृषि वन समुह तथा कृषक समुहहरुलाई यो सुचना प्रकाशन भएको १५ दिन भित्र (मिति २०८१/१/१० गते सम्म ) गाउँपालिका कार्यलय अथवा वडा कार्यालयमा तपसिलका कागजात संलग्न राखी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवाश्क कागजातहरु:

१. कार्यक्रममा सहभागि हुन इच्छुक रहेको माग निवेदन

२. वृक्षारोपण गर्न चाहेको प्रजातिहरुको नाम र संख्या

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि,मालपोत तिरेको रसिद

५. कृषक समुह /कृषि सहकारी/कृषि फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ( नविकरण गरेको )

६. समुह बैठकको निर्णयको प्रतिलिपि

रेमन्त बहादुर डाँगी

प्रमुख प्रशासकीय अधिकृत

पुनश्च :विस्तृत जानकारीको लागि रुन्टीगढी गाउँपालिकाका वन प्राविधिक प्रवेश पाण्डेय (९८६६३६९६८०) सँग सम्पर्क गर्नुहुन।

## अनुसूची 2 : वृक्षरोपणका लागि सिफारिस गरिएका रुख प्रजातिहरु

(क) निजी वनका लागि सिफारीस गरिएका प्रजातिहरु (स्रोत : निजी वन विकाससम्बन्धी निर्देशिका, २०६८)

| क्रम संख्या | वैज्ञानिक नाम | नेपाली नाम |
|---|---|---|
| 1 | *Dalbergia sissoo* | सिसौ |
| 2 | *Eucalyptus* spp. | मसला प्रजाति |
| 3 | *Neolamarckia cadamba* | कदम |
| 4 | *Bombax ceiba/ Ceiba pentandra* | सिमल / कपोक |
| 5 | *Melia azedarach* | बकैनो |
| 6 | *Albizia* spp. | शिरीष प्रजाति |
| 7 | *Dendrocalamus* spp. | बाँस प्रजाति |
| 8 | *Populus* spp. | लहरे-पिपल प्रजाति |
| 9 | *Tectona grandis* | सागौन |
| 10 | *Leucaena latisiliqua* | इपिल-इपिल |
| 11 | *Acacia arabica* | बबुल |
| 12 | *Azadirachta indica* | नीम |
| 13 | *Acer oblongum* | फिरफिरे |
| 14 | *Syzygium cumini* | जामुन |
| 15 | *S. jambos* | गुलाब जामुन |
| 16 | *Acacia catechu* | खयर |
| 17 | *Garuga pinnata* | दबदबे |
| 18 | *Bauhinia purpurea* | टाँकी |
| 19 | *Shorea robusta* | साल |
| 20 | *Pterocarpus marsupium* | बिजयसाल |
| 21 | *Gmelina arborea* | गमारी |
| 22 | *Phyllanthus emblica* | अमला |
| 23 | *Artocarpus integra* | कटहर |
| 24 | *A. lakoocha* | बडहर |
| 25 | *Mangifera indica* | आँप |
| 26 | *Michelia champaca* | चाँप |
| 27 | *Aquilaria malaccensis* | अगर-वृक्ष |
| 28 | *Citrus limon* | कागति |
| 29 | *Tamarindus indica* | इमली, तिसी |
| 30 | जग्गाधनीले छनौट गरेका अन्य रुख प्रजातिहरु | |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं नेपाल